# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम(पश्चिम )
## कर्णाली प्रदेश, नेपाल

सर्म्पक नं.
९७४१३८९९६१
९७४८५८३१३८


**मिति :** २०७६/०१/१०

**पत्र संख्या :** २०७५/०७६
**चलानी नम्बर :**. .........

*आठविसकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय आठविसकोट, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३*

## ***सचेत गराईएको सम्बन्धी अत्यन्त जरुरी सूचना***

यस नगरपालिकाभित्रका विभिन्न स्थान तथा वडाहरुमा बवाञ्छित, उच्छृङ्खल र गैर जिम्मेवारीपूर्ण क्रियाकलापहरु भईरहेको भनि सार्वजनिक रुपमै सूचना प्राप्त भएकोले उल्लेखित कार्यहरु कोही कसैले नगर्नु तथा नगराउनु हुन सचेत गराईएको छ । सूचनाको बेवास्ता गरी यस्ता हर्कतहरुलाई निरन्तरता दिईएको पाईएमा स्थानीय प्रशासनको सहयोगमा कानून बमोजिम कडा कारवाही हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

१. विभिन्न समयमा निरन्तर एवम् छड्के रुपमा गरिएको विद्यालय अनुगमनको आधारमा तयार पारिएका विद्यालय अनुगमन प्रतिवेदन, विद्यार्थी सङ्ख्या, विद्यालयहरु बिचको पैदल दूरी ३० मिनेट वा सोभन्दा कम भए/नभएको, शैक्षिक उपलब्धी, भौतिक संरचना सम्बन्धी मावदण्ड, शिक्षक अभिभावकहरुको विद्यालयप्रतिको चासो र जिम्मेवारी वहनको अवस्था लगायतका तथ्यहरुको विश्लेषण गरी विद्यालय मर्ज, कक्षा/तह कटौती, कक्षा थप, शिक्षक दरवन्दी मिलान लगायतका निर्णयहरु यस अघि र पछिल्लो पटक मिति २०७५।१२।२८ गतेदेखि ३० गतेसम्म बसेको नगर कार्यपालिकाको बैठकबाट गरिएको व्यहोरा सबैलाई अवगत नै छ । निर्णयको सम्बन्धमा केही सुझाव तथा गुनासाहरु भएमा शान्तिपूर्ण ढङ्गले आफ्ना मागहरु सम्बन्धित निकायमा राख्न पाउने अवसर हुँदाहुँदै केही वडाहरुमा (खासगरी वडा नं. ४ र वडा नं. १३) वडा कार्यालयमा तालावन्दी गरी सार्वजनिक सेवाप्रवाहमा अवरोध पुऱ्याउन खोजिएको बुझिन आएकोले अब उप्रान्त यस्ता गैरकानूनी हर्कत नगर्न तथा नगराउन सम्बन्धित सबैलाई सचेत गराईन्छ । यस्ता हर्कत पुन: भएको पाईएमा स्थानीय प्रशासन समेतको सहयोगमा त्यस्ता कार्यमा संलग्न व्यक्तिहरुको पहिचान गरी कानून बमोजिमको कारवाही गरिनेछ ।

२. मर्ज भएका विद्यालय, घटाईएका कक्षा तह, अनुमति रद्द गरिएका विद्यालयहरुमा नगर कार्यपालिकाको निर्णयको विरुद्ध हुने गरी विद्यार्थी भर्ना अभियान सञ्चालन गरिएको, नगरपालिकाको अनुमति बेगर गैरकानूनी ढङ्गले सञ्चालन भएका कक्षा तहहरुमा समेत भर्ना गरिएको बुझिन आएको त्यस्तो कार्य नगर्न तथा नगराउन सचेत गराईन्छ । उल्लेखित कार्य गरेको पाईएमा कानून बमोजिमको कारवाही गर्न नगरपालिका बाध्य हुनेछ ।

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम(पश्चिम )
## कर्णाली प्रदेश, नेपाल

सर्म्पक नं.
९७४१३८९९६१
९७४८५८३१३८


**मिति :** २०७६/०१/१०

**पत्र संख्या :** २०७५/०७६

**चलानी नम्बर :** .........

आठविसकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय आठविसकोट, रुकुम (पश्चिम) कर्णाली प्रदेश नेपाल २०७३

३. नगरपालिकाका विभिन्न स्थानहरुमा नगरपालिका एवम् अन्य कुनै आधिकारिक निकायबाट अनुमति नै नलिई स्वास्थ्य क्लिनिक, पोलिक्लिनिक, डेन्टल अस्पताल, शैक्षिक परामर्श संस्थाहरु सञ्चालन भईरहेको भनि सूचना प्राप्त भएकोले अनुगमनको क्रममा त्यस्तो भएको पाईएमा त्यस्तो व्यवसाय बन्द गरी सो कार्यमा संलग्न व्यक्तिहरुलाई कानून बमोजिमको कारवाही र जरिवाना गरिनेछ ।

४. मदिरा तथा सूर्तिजन्य पदार्थहरु जथाभावि विक्रि वितरण गरिएको, मदिरा उत्पादन, बिक्रि वितरण सम्बन्धमा पालना गर्नुपर्ने शर्तहरुको पालना नगरिएको सम्बन्धमा गुनासाहरु प्राप्त भएकोले जथाभावि प्रचलित कानूनको पालना नगरी मदिरा तथा सूर्तिजन्य पदार्थको उत्पादन, विक्रि वितरण गरेको पाईएमा स्थानीय प्रशासनको सहयोगमा रु. १ लाख जरिवाना गरी कानून बमोजिमको कारवाहीको प्रक्रिया अगाडी बढाईनेछ ।

५. कोही कसैले सार्वजनिक शान्ति, सुरक्षा र अमनचयनमा खलल पुर्‍याउने, राज्यका नीति, कानून र निर्णयहरुका विरुद्ध अवाञ्छित क्रियाकलाप गर्ने, कालोबजारी, एकाधिकार, कृत्रिम मूल्य सृजना गर्ने, गुणस्तहीन उपभोग्य वस्तुहरु विक्रि वितरण गरी उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पुर्‍याउने, सार्वजनिक सेवाप्रवाहमा प्रतिकूल असर पार्ने खालका कार्यहरु गर्ने, स्वास्थ्यजस्तो संवेदनशिल विषयमा खेलवाट गरेको वा गर्न खोजेको पाईएमा नगरपालिकाको कार्यालय वा नजिकको प्रहरी कार्यालय वा जिल्ला प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा तुरुन्त जानकारी गराईदिनु हुन अनुरोध गरिन्छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

रामबहादुर के.सी.

नि. प्रमुख प्रशासकीय अधिकृत